नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

# बीमा समाचार

वर्ष ४, अङ्क २, २०८१ कार्तिक
(October-November, 2024)

## समावेशी बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICII 2024)




सम्मानीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवका साथमा अतिथी तथा आयोजकहरु ।

समावेशी बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Inclusive Insurance -ICII 2024) यही २०८१ साल कात्तिक ९ गते काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल बीमा प्राधिकरण, नेपाल बीमक सङ्घ, जीवन बीमक सङ्घ, नेपाल र नेपाल माइक्रोइन्स्योरेन्स एसोसिएसनद्वारा म्युनिख री फाउण्डेशन तथा माइक्रोइन्स्योरेन्स नेटवर्कसँगको सहकार्यमा आयोजित सम्मेलन कात्तिक ५ गतेदेखि ९ गतेसम्म भएको थियो ।

सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले कात्तिक ६ गते सम्मेलनको समुद्घाटन गर्नुभएको थियो ।

सम्मेलनमा न्यून आय भएका तथा जोखिममा रहेका परिवारहरु तथा लघु, साना र मझौला उद्योगलाई केन्द्रित गरी समावेशी बीमालाई परिस्कृत गर्ने लगायतका विषयमा छलफल भएको थियो ।

यसैगरी, जलवायु जोखिम बीमा, प्रकोप जोखिम वित्त व्यवस्थापन, बीमा क्षेत्रका चुनौती तथा अवसर, लघुबीमाको महत्व र बीमाको पहुँच विस्तारमा डिजिटल प्रविधिको विकास तथा प्रयोग लगायतका विषयहरुमा विस्तृत छलफल भएको थियो ।

सम्मेलनमा नेपाल लगायत विभिन्न ४४ देशका बीमा क्षेत्रका नियामक निकाय, विभिन्न सरकारी निकाय, विकास साझेदार, गैरसरकारी संस्था र बीमा क्षेत्रका विज्ञहरु गरी २७० जना सहित करिव ५०० जनाको सहभागिता रहेको थियो ।

संरक्षक
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

सल्लाहकारहरु
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

सम्पादक समूह
संयोजक
श्री सुशीलदेव सुवेदी, निर्देशक

सदस्यहरु
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री विरोध वाग्ले, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

# ICII 2024
# पत्रकार सम्मेलन




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै । साथमा म्युनिख री फाउण्डेशनका उपाध्यक्ष, माइक्रोइन्स्योरेन्स नेटवर्कका अध्यक्ष र नेपाल बीमक सङ्घका अध्यक्ष तथा जीवन बीमक सङ्घ, नेपालका अध्यक्ष ।

समावेशी बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेललन (ICII 2024) का बारेमा समग्र जानकारी दिन कात्तिक ६ गते सम्मेलन उद्घाटन पश्चात् सम्मेलनस्थलमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो ।

पत्रकार सम्मेलनमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले समावेशी बीमाको अवधारणा अनुरूप सरकारी नीति तथा रणनीतिमा सुधार गर्नुपर्ने र गरीव तथा न्यून आय भएका बर्गलाई बीमाको दायरामा ल्याउन सरकारले सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "आर्थिक रूपमा सबल व्यक्तिलाई बीमा गर्न बाध्य बनाउनुपर्छ, न्यून आय भएका गरीव तथा विपन्न बर्गलाई बीमा गर्न सरकारले सहयोग गर्नुपर्छ, निर्माण सम्पन्न भई सरकारको स्वामित्वमा आएका संरचनाहरूको समेत बीमा गर्नुपर्छ, बीमा गरिएका संरचनाहरूको क्षति भएमा बीमा कम्पनीबाट बीमा दाबी पाइन्छ र त्यसबाट पुनः निर्माण गर्न सकिन्छ, त्यसका लागि सरकारले छुट्टै रकम व्यवस्था गर्नु पर्दैन, यसबाट दिगो विकासको लक्ष्य प्राप्तिमा समेत सहयोग पुग्दछ ।"

संचारकर्मीहरूले सोधेका प्रश्नहरूको जवाफ दिनुहुँदै अध्यक्ष सिलवालले जलवायु परिवर्तनको असर बढी पर्ने देशहरूमा नेपाल पनि पर्ने भएकाले सरकारी भवन तथा संरचना र गरीव तथा न्यून आय भएका बर्गको बीमा गर्नेतर्फ केन्द्रित हुनुपर्ने र त्यसका लागि सरकारले बजेटको मान्यतामा नै परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरु शहरमा केन्द्रित नभई गाउँ गाउँमा पुग्नुपर्छ, बीमा क्षेत्रमा नविनतम् प्रविधि भित्र्याउनुपर्छ, नागरिकले न्यून लागतमा बीमा गर्न पाउनुपर्छ, सरकारले कृषि बीमामा लक्षित समूह पहिचान गरी सोही अनुसार अनुदानको व्यवस्था गर्नुपर्छ ।"

कार्यक्रममा म्युनिख री फाउण्डेशनका उपाध्यक्ष डिर्क रैनहाड, माइक्रोइन्स्योरेन्स नेटवर्कका अध्यक्ष लोरेन्जो च्यान, नेपाल बीमक सङ्घका अध्यक्ष चंकी क्षेत्री र जीवन बीमक सङ्घ, नेपालका अध्यक्ष पोषकराज पौडेलले सम्मेलनका बारेमा जानकारी दिनुका साथै संचारकर्मीहरूले सोधेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

# शुभकामना आदान-प्रदान कार्यक्रम

## पूर्वाधारहरूमा भएको लगानीको बीमा मार्फत वित्तीय सुरक्षण गर्नु आवश्यक छः अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणद्वारा विजया दशमी, शुभ दीपावली तथा छठ पर्व, २०८१ र नेपाल सम्वत् ११४५ को शुभअवसरमा मिति २०८१ साल असोज २२ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरिएको छ ।

कार्यक्रममा शुभकामना दिनुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले हालैको अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोबाट सिर्जित समस्याको समाधानमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बाढी तथा पहिरोबाट जनधनको ठूलो क्षति भएको छ, क्षतिको बीमा दाबी समयमै दिएर बीमा कम्पनीहरूले आफूलाई स्थापित गर्ने र बीमा गरेपछि दाबी भुक्तानी पाइन्छ भनेर प्रमाणित गर्ने बेला हो यो, कम्पनीहरूले अहिलेको चुनौतीलाई अवसरको रूपमा लिएर नागरिकमा बीमाप्रतिको विश्वास बढ्ने गरी काम गर्नुपर्छ ।"

हालैको बाढी तथा पहिरोबाट कृषिक्षेत्र बाहेक सडक र पुलमा मात्रै २७ अर्ब रूपियाँभन्दा बढी क्षति भएको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "सरकारले पूर्वाधारमा लगानी मात्र गर्ने होइन, बीमा मार्फत लगानीको सुरक्षण समेत गर्नु आवश्यक छ, क्षति भएका स्थानमा नयाँ सडक तथा पुल बनाउनुपर्ने हुन्छ, बीमा नगरेका कारण तिनको निर्माणमा सरकारले थप लगानी गर्नुपर्ने हुन्छ, यसलाई ध्यानमा राखेर सबै संरचनाको बीमा गर्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ ।"

अध्यक्ष सिलवालले जलवायु परिवर्तनको असर बढी पर्ने देशमा नेपाल पनि रहेकाले सरकारको नीति तथा रणनीतिमा बीमा समावेश गरी बीमालाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै बीमा कम्पनीहरू परम्परागत रूपमा नभई नयाँ संस्करणका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमक सङ्घ, जीवन बीमक सङ्घ, नेपाल र लघु बीमक सङ्घका अध्यक्ष, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

## बीमा दाबी सरलीकरण तथा छिटो दाबी भुक्तानी सम्बन्धी छलफल

# बाढी पहिरोबाट भएको क्षतिको बीमा दाबी भुक्तानी छिटो गर्न बीमकलाई अध्यक्ष सिलवालको निर्देशन



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरुलाई निर्देशन दिनुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले हालैको अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोबाट नागरिकको घर, सम्पत्ति तथा संरचनाहरुमा भएको क्षतिको बीमा दाबी भुक्तानी यथासम्भव छिटो गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

बाढी तथा पहिरोबाट भएको क्षतिको बीमा दाबीलाई सरलीकरण गर्ने र छिटो दाबी भुक्तानी गर्ने सम्बन्धमा मिति २०८१ साल असोज १३ गते नेपाल बीमा प्राधिकरणमा आयोजित निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगको छलफलमा अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले दाबी भुक्तानी दिंदैनन् भन्ने भ्रमलाई हटाउन पनि बीमा कम्पनीहरूले छिटो दाबी भुक्तानी दिनुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले हाल विशेष परिस्थिति भएकाले सामान्य अवस्थामा आवश्यक पर्ने दाबी भुक्तानी सम्बन्धी कागजातहरु मध्ये प्रहरी प्रतिवेदन र सम्बन्धित निकायको सिफारिश लगायतका कागजातहरु आवश्यक नपर्ने व्यवस्था मिलाइने, अन्य कागजातहरूको सूची समेत छोटो पारिने र बीमा सर्भेयरहरूलाई तोकिएकै समय सीमाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले हालको विशेष परिस्थितिमा बीमा दाबी विस्तारै थपिँदै जानसक्ने र बाढी तथा पहिरोका कारण बीमालेख हराएको पनि हुनसक्नेतर्फ बीमा कम्पनीहरूले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले हालैको बाढी र पहिरोको कारण क्षति भएका जलविद्युत कम्पनी, गोदाम, पसल, मोटर, मोटरसाइकल सम्बन्धी बीमा दाबीहरु बीमितहरूबाट धमाधम आउन थालेको जानकारी दिनुभयो ।

साथै उहाँहरूले हाल विशेष परिस्थिति सिर्जना भएकाले बीमा दाबी प्रक्रियालाई सरलीकरण गर्न, निश्चित दाबी भुक्तानीका लागि न्यून कागजात भए हुने व्यवस्था गर्न र सर्भे प्रतिवेदनलाई छिटोछरितो तुल्याउनका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुंगेल (अधिकारी) र निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

# लेखासम्बन्धी नियामक निकाय तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया



कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल कात्तिक २ गते काठमाडौंमा नेपाल वित्तीय प्रतिवेदन मान-१७ (NFRS -17) कार्यान्वयनका लागि आवश्यक तयारी लगायतका विषयमा लेखासम्बन्धी नियामक निकाय तथा सरोकारवालाहरूसँग छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

आगामी २०८२ साल साउन १ गतेदेखि बीमा क्षेत्रमा पूर्णरूपमा कार्यान्वयनमा आउन लागेको NFRS -17 को कार्यान्वयनका लागि बीमा कम्पनीहरूले गर्नुपर्ने तयारी, नियामक निकायहरूको भूमिका, जनशक्ति तथा नविनम् प्रविधिको प्रयोग लगायतका विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले आगामी २०८२ साल साउन १ गतेदेखि NFRS -17 कार्यान्वयन गर्नुपर्ने भएकाले अहिलेदेखि नै यसलाई गम्भिरतापूर्वक लिई आवश्यक तयारी गर्नुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "NFRS -17 कार्यान्वयन गर्न कठिनाई भए पनि कार्यान्वयन गर्नु पर्छ, गर्न सकिन्छ, यसका लागि कार्ययोजना बनाएर अगाडि बढ्नुपर्छ, नियामक निकायहरु सहयोग गर्न तयार छन् ।"

अध्यक्ष सिलवालले NFRS -17 कार्यान्वयनमा सहयोग गर्न प्राधिकरणको संयोजकत्वमा लेखासम्बन्धी नियामक निकायहरूका यससम्बन्धी विज्ञहरु रहेको समिति गठन गर्नु आवश्यक रहेको उल्लेख गर्नुहुँदै त्यसमा सहजीकरण गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का अध्यक्ष प्रवीण कुमार झाले बीमा क्षेत्रमा NFRS -17 कार्यान्वयनका लागि ICAN बाट सूचना आदान प्रदान लगायत पूर्णरूपमा सहयोग हुने जानकारी दिनुभयो ।

लेखापरीक्षणमान बोर्ड (AUSB) का अध्यक्ष अनुप कुमार श्रेष्ठले लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि विद्यमान जनशक्तिको क्षमता अभिवृद्धि र गुणस्तरीय जनशक्तिलाई आकर्षण गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

लेखामान बोर्ड (ASB) का अध्यक्ष प्रकाशजंग थापाले आगामी आर्थिक वर्षदेखि NFRS -17 कार्यान्वयन गर्नका लागि ठोस कार्ययोजनाका साथ समयमै काम शुरु गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुंगेल अधिकारीले NFRS, RBC, RBS र ORSA को कार्यान्वयनबाट बीमा क्षेत्र थप सबल, विश्वसनीय, पारदर्शी र जवाफदेही हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक विरोध वाग्लेले NFRS -17, RBC, RBS र ORSA र ICAN का तर्फबाट चार्टर्ड एकाउन्टेन्ट विदुर लुईंटेलले NFRS -17 सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखापरीक्षणमान बोर्ड र लेखामान बोर्डका पदाधिकारी, नेपाल बीमक सङ्घ र जीवन बीमक सङ्घ, नेपालका अध्यक्ष तथा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा वित्त विभाग प्रमुखहरूको सहभागिता रहेको थियो ।

बीमा क्षेत्रमा आगामी २०८२ साल साउन १ गतेदेखि NFRS -17 पूर्णरूपमा कार्यान्वयनमा आउने र बीमा कम्पनीहरूले आर्थिक वर्ष २०८२/८३ देखि NFRS -17 मा आधारित वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।

# बीमा सम्बन्धी अनुसन्धान र बीमाङ्कीय जनशक्ति
# उत्पादन सम्बन्धी समझदारी



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सका निर्देशक नवर ाज पौडेल समझदारीपत्र आदान-प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरण र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सबीच बीमा सम्बन्धी अनुसन्धान र दक्ष बीमाङ्कीय जनशक्ति उत्पादन गर्ने सम्बन्धी समझदारी भएको छ ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सका निर्देशक नवराज पौडेलले यही २०८१ साल कात्तिक ४ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यससम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्नुभयो ।

बीमा सम्बन्धी अनुसन्धान र स्वदेशमा दक्ष बीमाङ्कीय जनशक्ति उत्पादनमा सहयोग गर्ने उद्देश्यका साथ भएको समझदारीको अवधि चार वर्षको रहेको छ ।

समझदारीपत्रमा प्राधिकरणले स्कुल अफ म्याथमेटिकल साइन्सका विद्यार्थीहरूको बीमाङ्कीय सीप विकासमा सहयोग गर्ने, हरेक वर्ष मेरिट बेसिसका आधारमा म्याथमेटिकल साइन्स (बीमाङ्की विज्ञान) का स्नातक तहका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, स्रोत व्यक्ति उपलब्ध गराउने र बीमा बजारको आवश्यकताका आधारमा बीमाङ्की विज्ञानको पाठ्यक्रम परिमार्जन गर्न सहयोग गर्ने उल्लेख छ ।

यसैगरी, नेपालको बीमा बजार र अन्तर्राष्ट्रिय बीमा बजारको प्रवृत्तिलाई केन्द्रित गरी बीमा सम्बन्धी अनुसन्धान तथा जोखिम मूल्याङ्कन र नेपाली बीमा बजारको आवश्यकताका आधारमा नयाँ बीमाङ्कीय नमूनाहरूको विकास सम्बन्धी अनुसन्धानमा साझेदारी गर्ने समझदारीपत्रमा उल्लेख छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुङ्गेल (अधिकारी) उपस्थित हुनुहुन्थ्यो ।

## बीमाङ्कीय विज्ञान सम्बन्धमा
# समन्वयात्मक ढङ्गले कार्य गर्ने सम्बन्धी समझदारी



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र एक्चुरियल सोसाइटी अफ नेपालका अध्यक्ष प्रेक्षा माथेमा समझदारीपत्र आदान-प्रदान गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरण र एक्चुरियल सोसाइटी अफ नेपाल (ASN) बीच बीमाङ्कीय विज्ञान सम्बन्धमा समन्वयात्मक ढङ्गले कार्य गर्ने सम्बन्धी समझदारी भएको छ ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र ASN का अध्यक्ष प्रेक्षा माथेमाले आज प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यस सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्नुभयो ।

समझदारीपत्रमा प्राधिकरण र सोसाइटीले बीमाङ्कीय विज्ञान सम्बन्धमा समन्वयात्मक ढङ्गले कार्य गरी बीमा क्षेत्रमा थप योगदान पुऱ्याउनका लागि आपसी समझदारी गर्ने लगायतका विषयहरु समेटिएका छन् ।

यसैगरी, प्राधिकरण र सोसाइटीको साझेदारीमा बीमा तथा बीमाङ्कीय विज्ञान सम्बन्धी अध्ययन एवम् अनुसन्धान सम्बन्धी कार्य गर्ने, यससम्बन्धी ज्ञानको आदान प्रदान गर्ने र तालिम, कार्यशाला तथा सम्मेलन आयोजना गर्ने उल्लेख छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी तथा निर्देशक पूजन ढुङ्गेल (अधिकारी) उपस्थित हनुहुन्थ्यो ।

# शपथ ग्रहण कार्यक्रम

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संचालक समितिका नवनियुक्त अध्यक्ष देवराज ढुङ्गानालाई प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०८१ साल कात्तिक ८ गते पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।



त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदी र नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र थापा लगायत पदाधिकारीहरु उपस्थित हुनुहुन्थ्यो ।

# कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्टवेयर संचालन

## कृषकले घरबाट नै बीमालेख खरिद तथा दावी भुक्तानी प्रक्रिया सम्बन्धी कार्य गर्नसक्ने



कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय रामनाथ अधिकारीको प्रमुख आतिथ्यमा आयोजित सफ्टवेयर सञ्चालन शुभारम्भ कार्यक्रममा सहभागीहरु

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आर्थिक सहयोगमा नेपाल बीमा प्राधिकरणले 'कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्टवेयर' निर्माण गरी संचालनमा ल्याएको छ । कृषि बीमा कार्यक्रमलाई थप व्यवस्थित र पारदर्शी बनाउँदै दुर्गम क्षेत्रका कृषक र न्यून आय भएका कृषक बर्गसम्म कृषि बीमाको पहुँच पु¥याउने उद्देश्यले नयाँ सफ्टवेयर संचालनमा ल्याइएको हो ।

बीमाको दायरा बढ्दै गएको सन्दर्भमा कृषि तथा पशुपन्छी बीमालाई थप व्यवस्थित एवम् वैज्ञानिक बनाउने, तथ्याङ्क व्यवस्थापन गर्ने र कृषि बीमा कार्यक्रमलाई थप प्रभावकारी एवम् पारदर्शी बनाउने उद्देश्यका नयाँ सफ्टवेयर संचालनमा रहेको छ ।

कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्वेयरका विशेषताहरु :

- कृषक आफैले Log in गरेर बीमा कम्पनी छनौट गर्नसक्ने,
- बीमालेख खरिद गर्न बीमा कम्पनीको शाखा कार्यालयमा कृषक जानुनपर्ने,
- घरमै बसी मोवाइल तथा कम्प्युटरबाट बीमालेख खरिद गर्नसक्ने,
- बीमा दावी भुक्तानी प्रक्रिया कृषकले घरबाटै अघिबढाउन सक्ने,
- मोवाइल एप्लिकेशन मार्फत बीमा गर्न सकिने र Offline बाट समेट बीमा कम्पनीमा प्रस्ताव गर्न सकिने ।
- बीमाको प्रक्रिया/दावी भुक्तानी प्रक्रियाका बारेमा नेपाल बीमा प्राधिकरण, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र पशुसेवा विभागले लाइभ अनुगमन गर्नसक्ने,
- कृषि बीमाको तथ्याङ्क व्यवस्थित एवम् पारदर्शी हुने ।
- कृषि बीमा अनुदान रकम यकिन गर्न सहज हुने,
- कृषि तथा पशुपन्छी प्राविधिकको विवरण सफ्टवेयर सिस्टम मार्फत नै दर्ता गर्न सकिने ।

कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्वेयर संचालन गर्नका लागि सबै बीमा कम्पनीहरूलाई जानकारी गराइसकिएको छ । यस सफ्टवेयर र बीमा कम्पनीहरुमा भएको कृषि बीमाको सफ्टवेयरबीच API Integration कार्य अन्तिम चरणमा पुगेको छ । यस अन्तर्गत सबै बीमा कम्पनीहरूले लाइभ बीमालेख जारी गर्न छन् । शुरुवाती चरणमा कृषितर्फ एकवटा र पशुपन्छीतर्फ एकवटा गरी दुईवटा बीमालेख सफ्टवेयर प्रणाली मार्फत जारी गरिनेछ । त्यसको प्रभावकारीताका आधारमा क्रमशः अन्य बीमालेखहरु समेत सफ्टवेयर प्रणाली मार्फत जारी गर्दै जाने कार्यक्रम रहेको छ ।

# कृषि तथा पशु बीमा

## (क) कृषि तथा पशुपन्छी बीमामा कृषकहरूको आवद्धता

नेपाल सरकारले कृषि तथा पशुपन्छी बीमा प्रिमियममा अनुदान रकम उपलब्ध गराउन शुरु गरेयता प्रत्येक वर्ष कृषि तथा पशुपन्छी बीमामा आवद्ध किसानको सङ्ख्या वृद्धि हुँदै गएको छ । सरकारले अनुदान उपलब्ध गराउन शुरु गरेको आ.व. २०७०/७१ मा कृषि तथा पशुपन्छी बीमा अन्तर्गत कूल बीमालेख सङ्ख्या १,७५८ वटा जारी भई करिव रु ६२ करोड ५४ लाख बीमाङ्क रकम बराबरको जोखिमको रक्षावरण भएको थियो ।

यसैगरी, आ.व. २०७९/८० मा कृषि तथा पशुपन्छी बीमा अन्तर्गत कूल बीमालेख सङ्ख्या १,८८,९७७ वटा जारी भई करिव रु ५१ अर्ब १५ करोड ३० लाख बीमाङ्क रकम बराबरको जोखिमको रक्षावरण भएको थियो ।

गत आ.व. २०८०/८१ मा कृषि तथा पशुपन्छी बीमा अन्तर्गत कुल बीमालेख सङ्ख्या १,५६,१२१ वटा जारी भई रु करिव ४२ अर्ब १३ करोड ५४ लाख बीमाङ्क रकम बराबरको जोखिमको रक्षावरण भएको थियो ।

यसैगरी, चालु आ.व. २०८१/८२ को असोज मसान्तसम्ममा कूल बीमालेख सङ्ख्या ५२,७६३ वटा जारी भई रु १२ अर्ब १० करोड ९२ लाख बीमाङ्क रकम बराबरको जोखिमको रक्षावरण भएको छ ।





## (ख) कृषि तथा पशुपन्छी बीमा शुल्कमा सरकारी अनुदान

नेपाल सरकारले कृषि तथा पशुपन्छी बीमामा अनुदान उपलब्ध गराउन शुरु गरेको आ.व. २०७०/७१ मा कूल अनुदान रकम करिव रु १ करोड ७० लाख रहेकोमा उक्त रकम बढेर आ.व. २०७९/८० मा कृषि बीमा शुल्कमा अनुदान करिव रु १ अर्ब ८४ करोड ९३ लाख पुगेको थियो ।

गत आ.व. २०८०/८१ मा कृषि तथा पशुपन्छी बीमा अनुदान अन्तर्गत नेपाल सरकारले करीब रु १ अर्ब ६१ करोड ७२ लाख बरारको बीमा शुल्कमा अनुदान उपलब्ध गराएको थियो ।

चालु आ.व. २०८१/८२ को साउनदेखि असोज मसान्तसम्ममा कृषि तथा पशुपन्छी बीमामा सरकारले उपलब्ध गराउने अनुदान रकम करिव रु ४५ करोड ८४ लाख रहेको छ ।

## (ग) कृषि तथा पशुपन्छी बीमा दाबी भुक्तानी

कृषि तथा पशुपन्छी बीमा अन्तर्गत आ.व. २०७९/८० मा ३६,५२४ सङ्ख्यामा दाबी परी करिव रु १ अर्ब ७३ करोड ४५ लाख रकम बीमा कम्पनीले कृषकहरूलाई दावी भुक्तानी गरेका थिए ।

गत आ.व. २०८०/८१ मा कृषि तथा पशुपन्छी बीमा अन्तर्गत ३३,१२८ सख्यामा दावी परी करिव रु १ अर्ब ५८ करोड ४३ लाख रकम बीमा कम्पनीले कृषकलाई दावी भुक्तानी गरेका थिए । नेपाल सरकारबाट समयमा बीमा अनुदान प्राप्त नभएको भनी बीमा कम्पनीहरूले मिति २०८० चैत १ गतेदेखि २०८१ जेठ १७ गतेसम्म अनुदानको कृषि तथा पशुपन्छी बीमा स्थगन गरेका कारण यस आर्थिक वर्षमा कृषि तथा पशुपन्छी बीमा घट्न गएको हो ।

यसैगरी, चालू आ.व. २०८१/८२ को असोज मसान्तसम्ममा कृषि तथा पशुपन्छी बीमा अन्तर्गत ४,९८९ सङ्ख्यामा दाबी परी रु २८ करोड ६ लाख ६७ हजार बराबरको दाबी रकम बीमा कम्पनीले कृषकहरूलाई भुक्तानी गरेका छन् ।

## (घ) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अन्तर्गत जारी बीमालेख

नेपाल बीमा प्राधिकरणबाट कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अन्तर्गत कृषि बाली तर्फ खाद्यान्न बाली, दलहन बाली, तरकारी खेती, फलफूल खेती लगायत २१ वटा बीमालेख तयार भई बीमा कम्पनीबाट जारी भएका छन् । पशुपन्छी तथा माछा तर्फ पशुधन, बाख्रा, पन्छी तथा माछा पालनका ७ वटा बीमालेख जारी भएका छन् । यसैगरी, जडिबुटी तर्फ टिमुर र मेन्थाको बीमालेख जारी भएको छ ।

कृषि तथा पशुपन्छी बीमा अन्तर्गत बीमा कम्पनीले जारी गरेको कूल बीमालेखमा कृषि बालीको हिस्सा ६.२४ प्रतिशत रहेको छ भने पशुपन्छी तथा माछाको हिस्सा ९३.७६ प्रतिशत रहेको छ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY


# आ.व. २०८१/८२ प्रथम त्रैमासिकमा बीमा क्षेत्रको तुलनात्मक विवरण


| क्र. सं | सूचक | २०८० असोज मसान्तसम्म (प्रथम त्रैमासिक) | २०८१ असोज मसान्तसम्म (प्रथम त्रैमासिक) | परिवर्तन % |
|---|---|---|---|---|
| १ | जीवन बीमालेख संख्या<br>*(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५,६६१,१०९ | ५,५९०,१८६ | (१.२५) |
| २ | म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६,७०५,४८९ | ५,९८९,७०५ | (१०.६७) |
| ३ | बैदेशिक रोजगार बीमालेख संख्या | १,५००,९८३ | २,१८६,५५७ | ४५.६८ |
| ४ | **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१३,८६७,५८१** | **१३,७६६,४४८** | **(०.७३)** |
| ५ | **कुल जारी जीवन बीमालेख संख्या** | **२,५६६,७३१** | **१,४६३,७२०** | **(४३.०)** |
| ६ | **कुल जारी निर्जीवन बीमालेख संख्या** | **६८४,४३६** | **७३७,९३०** | **७.८** |
| ७ | प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | ६७,२२६.७३ | ८३,७९३.१२ | २४.६४ |
| ८ | नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ३४०,८२०.१६ | ३२९,२२१.७० | (३.४०) |
| ९ | **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **४०८,०४६.८९** | **४१३,०१४.८२** | **१.२२** |
| १० | **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१०४,५४७.३९** | **११५,७३६.२२** | **१०.७०** |
| ११ | **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **५१२,५९४.२८** | **५२८,७५१.०४** | **३.१५** |
| ११ | **जीवन बीमा दावी भुक्तानी संख्या** | ४७,२५५ | ५०,०९५ | ६.०१ |
| १२ | **जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा** | ८२,९२६.३२ | ९६,४४६.९८ | १६.३० |
| १३ | **निर्जीवन बीमा दावी भुक्तानी संख्या** | ३६,९७६ | ३०,९४८ | (१६.३०) |
| १४ | **निर्जीवन बीमा दावी भुक्तानी रकम रु.लाखमा** | ४६,०१७.३१ | ४२,७७७.७२ | (७.०४) |
| १५ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा<br>*(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १७.६३ | १७.२५ | |
| १६ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशत<br>*(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३८.५० | ३५.७३ | |
| १७ | **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत**<br>*(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | ४३.४२ | ४२.८४ | |
| १८ | **जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या** | १,८०६ | १,८४० | १.८८ |
| १९ | **निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या** | १,०१९ | १,१५८ | १३.६४ |
| २० | **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | २,८२५ | २,९९८ | ६.१२ |
| २१ | जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,८१९ | ५,८६५ | ०.७९ |
| २२ | निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,६८९ | ५,९३४ | ४.३१ |
| २३ | **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | ११,५०८ | ११,७९९ | २.५३ |
| २४ | जीवन बीमाको लगानी रु. लाखमा | ५,६९१,६२२.०१ | ६,८३८,७३१.५५ | २०.१५ |
| २५ | निर्जीवन बीमाको लगानी रु. लाखमा | ५९७,९३५.६९ | ६८५,२९६.०८ | १४.६१ |
| २६ | पुनर्बीमाको लगानी रु. लाखमा | २९९,७६१.५८ | ३८५,६४८.४४ | २८.६५ |
| २७ | **कुल लगानी रु. लाखमा** | ६,५८९,३१९.२८ | ७,९०९,६७६.०६ | २०.०४ |

नोटः *१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*


*२. लघु जीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघु निर्जीवन कम्पनीको विवरण निर्जीवन बीमामा समावेस गरी गणना गरिएको।*

# मिति २०८१ साल असोज १० गते देखि अविरल बर्षाको कारण भएको क्षतिमा बीमा दावीको विवरण





प्रदेश अनुसार बीमा दावी र भुक्तनी रकम (रु करोडमा)




बीमालेख अनुसार बीमा दावी र भुक्तनी रकम (रु करोडमा)




नोटः प्राधिकरणमा २०८१ मंसिर १२ गतेसम्म बीमकबाट प्राप्त बीमा दावी विवरणको आधारमा।

तथ्याङ्क विश्लेषक: बसन्त प्रसाद बोहरा
(तथ्याङ्कशास्त्री)

# कोशी प्रदेश
## कार्यालय

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया 'बीमाको दायरा विस्तारका लागि विशेष पहल गर्ने प्रतिवद्धता'

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोज २ गते कोशी प्रदेशको झापा जिल्लाको भद्रपुर नगरपालिका र असोज ५ गते. सुनसरी जिल्लाको दुहवी नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**भद्रपुर नगरपालिका**सँग आयोजित कार्यक्रममा प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले नगरक्षेत्रमा बीमाको दायरा विस्तारका लागि विशेष पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

साथै, उहाँले बीमा दाबी भुक्तानीमा देखिएका समस्याहरूको समयमैं समाधान गर्नका लागि पहल गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**दुहवी नगरपालिका**सँग भएको कार्यक्रममा विशेष अतिथि दुहवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिमालय बरालले बीमा अभिकर्ताले कमिशनको लोभमा व्यक्तिको आर्थिक क्षमताभन्दा बढीको बीमा गराउन नहुने बताउनुभयो ।

ती कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानीमा बीमा कम्पनीहरूले ढिलाई गर्ने गरेको, स्वास्थ्य परिक्षण गरेर बीमा गरेका बीमितहरूले बीमा दाबी पाउने समयमा पहिले नै विरामी भएको भनी दाबी भुक्तानी दिन इन्कार गर्ने गरेको, विपन्न वर्गलाई लक्षित गरेर लघुबीमा कम्पनी स्थापना भए पनि लक्षित वर्गसम्म पुग्न नसकेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलको सभापतित्वमा भएका ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, स्थानीय व्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## बीमकका प्रदेश कार्यालय प्रमुखहरूसँग अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोज १५ गते विराटनगरमा कोशी प्रदेशस्थित बीमकका प्रदेश कार्यालय प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा व्यवसायको अवस्था, बीमाको पहुँच, दाबी भुक्तानीको अवस्था, बीमा क्षेत्रमा देखिएका समस्या र तिनको समाधानका उपायहरु लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले स्वस्थ प्रतिस्पर्धाका साथ गुणस्तरीय बीमा सेवा प्रदान गरी बीमाको दायरा विस्तारमा लाग्न बीमकहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा कोशी प्रदेशमा रहेका बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।

## पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल कात्तिक ७ गते झापामा पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा पत्रकाहरूले बीमा व्यवसाय बढाउने नाममा बीमा कम्पनी र बीमा अभिकर्ताले अस्वस्थ प्रतिस्पर्धा गर्ने गरेको, दाबी भुक्तानी समयमा नहुँदा बीमाप्रति अविश्वास बढ्दै गएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सम्बन्धी सचेतना अभिवृद्धि र बीमाप्रतिको विश्वास बढाउन संचार क्षेत्रको महत्वूर्ण भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा विभिन्न संचार माध्यममा कार्यरत पत्रकाहरु र झापा जिल्लास्थित बीमकका शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# मधेश प्रदेश
## कार्यालय

### स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया
### 'जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्नका लागि बीमा गर्न आग्रह'

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोजमा महोत्तरी जिल्लाको भँगहा नगरपालिका र धनुषा जिल्लाको मिथिला नगरपालिकासँग तथा कात्तिकमा सप्तरी जिल्लाको रूपनी गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**भँगहा नगरपालिका**सँग असोज १० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भँगहा नगरपालिकाका प्रमुख संजिव कुमार साहले भविष्यमा विभिन्न कारणले हुनसक्ने क्षतिका विरूद्ध बीमा गरेर आर्थिक सुरक्षण गर्न सबैलाई आग्रह गर्नुभयो ।

**मिथिला नगरपालिका**सँग असोज ११ गते भएको कार्यक्रममा प्रमुख अतिथि मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोले जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्नका लागि बीमा गर्न सबैलाई आग्रह गर्नुभयो ।

**रूपनी गाउँपालिका**सँग कात्तिक २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि रूपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले पालिकामा जीवन तथा सम्पत्ति बीमालाई अनिवार्य गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले पालिकाका नीति तथा कार्यक्रममा बीमालाई समेट्न र पालिकाका सेवासँग बीमालाई जोड्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि बीमा, कृषि बीमा अनुदान, घर बीमा, पशुबीमा, कुखुरा बीमा र स्वास्थ्य बीमा तथा बीमा प्रिमियम, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया सम्बन्धी जिज्ञासाहरु राख्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिधि तथा कर्मचारी, अगुवा कृषक, नागरिक समाजका प्रतिनिधि, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# शिक्षक र विद्यार्थीहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोज २ गते वीरगञ्जमा वीरगञ्ज पब्लिक कलेजका शिक्षक तथा स्नातक तहका विद्यार्थीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमाका प्रकार, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, विद्यार्थी मार्फत बीमा सचेतना अभिवृद्धि, बीमा मार्फत जोखिम हस्तान्तरण गरी वित्तीय रक्षावरण गर्न सकिने लगायतका विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा वीरगञ्ज पब्लिक कलेजका तर्फबाट बीमा साक्षरतालाई ECA (Extra Curriculum Activities) का रूपमा पाठ्यक्रममा समावेश गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यायका प्रमुख प्रीति देवको सभापतित्वमा भएको कार्यक्रममा वीरगञ्ज पब्लिक कलेजका शिक्षक, स्नातक तहका विद्यार्थी लगायतको सहभागिता रहेको थियो ।

# संचारकर्मीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल कात्तिक २९ गते सप्तरी जिल्लास्थित विभिन्न संचार माध्यममा आवद्ध संचारकर्मीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा क्षेत्रमा देखिएका समस्या र तिनको समाधानका उपाय, बीमा अभिकर्ताको भूमिका, सप्तरी जिल्लामा बीमाको पहुँचको अवस्था, बीमा कम्पनीको शाखा तथा उपशाखा कार्यालय विस्तारको आवश्यकता, बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि मिडियासँग समन्वय गरेर बीमा कम्पनीहरु अघि बढ्नुपर्ने, बीमाका लाभका बारेमा स्पष्टरूपमा जानकारी दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, सप्तरीका पदाधिकारी, विभिन्न संचार माध्यमका संचारकर्मी र सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# गण्डकी प्रदेश
## कार्यालय

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र सरोकारवालाहरूसँग कृषि अनुदान कार्यविधि, २०८१ सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल कात्तिक ५ गते पोखरामा गण्डकी प्रदेशको कृषि, भूमिसुधार तथा सहकारी मन्त्रालय र सरोकारवालाहरूसँग बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि 'कृषि अनुदान कार्यविधि, २०८१' सम्बन्धी छलफल एवम् अतर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पदमा जी.सी. ले कृषि बीमा अनुदान कार्यक्रम स्थानीय सरकारले आ–आफनो क्षेत्रका जनताको आर्थिक अवस्था र स्थानीयस्तरमा उत्पादन हुने कृषि उपजको आधारमा कार्यविधि बनाएर लागू गर्नुपर्ने बताउनुभयो ।

साथै, उहाँले नेपाल बीमा प्राधिकरणसँगको समन्वयमा आगामी आर्थिक वर्षमा कृषि बीमा सम्बन्धी तथा तथा कार्यक्रम तयार गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि अनुदान कार्यविधि कृषकहरूलाई उत्साहित गर्नेखालको नभएको, बीमा कम्पनीहरूले समयमा नै कृषि बीमाको दावी भुक्तानी नगरेको, पहुँचवालाले दाबी भुक्तानी सहजै पाउने तर पहुँच नभएकाहरूसँग अनेक कागजात मागेर हैरान पार्ने गरेको, बीमा सम्बन्धी कृषि प्राविधिकको कमी रहेको लगायतका गुनासाहरु राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले कृषकका कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी गुनासाहरु सम्बोधन गर्न प्राधिकरण प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव डा. टंक प्रसाद प्रसाई, कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मी र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निमित्त महानिर्देशक डा. बालकुमार श्रेष्ठ लगायत कर्मचारीहरु र अगुवा कृषकहरूको सहभागिता रहेको थियो ।

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया
## 'कार्यविधि बनाएर विपन्न परिवारहरूको बीमा गरिदिने प्रतिवद्धता'

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोजमा गण्डकी प्रदेशको पर्वत जिल्लाका महाशिला गाउँपालिका र विहादी गाउँपालिका तथा नवलपुर जिल्लाका बौंदीकाली गाउँपालिका, बुलिङटार गाउँपालिका र कावासोती नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कृषि बीमा अनुदान कार्यविधि, २०८१ मा भएका व्यवस्थाका बारेमा जानकारी दिने, बीमा सम्बन्धी गुनासाहरु सङ्कलन गर्ने र बीमा क्षेत्रको प्रवर्द्धनमा प्रदेश सरकारको भूमिकाका बारेमा प्रकाश पार्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

**महाशिला गाउँपालिका**सँग असोज १ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि महाशिला गाउँपालिकाका अध्यक्ष इश्वरी प्रसाद भुसालले कृषि तथा पशुपन्छी बीमाका लागि पालिकास्तरबाट समेत दलित समुदायलाई अनुदान दिने गरिएको जानकारी दिनुभयो ।

**विहादी गाउँपालिका**सँग असोज २ भएको कार्यक्रममा प्रमुख अतितथि विहादी गाउँपालिकाका अध्यक्ष परविन गुरूङले कृषकले सहजै कृषि, पशुपन्छी तथा जडिबूटी बीमा गर्न पाउने व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**बौंदीकाली गाउँपालिकासँग** असोज १३ गते भएको कार्यक्रममा प्रमुख अतिथि बौंदीकाली गाउँपालिकाका अध्यक्ष प्रकाश ओझाले बीमाको पहुँच विस्तारका लागि नीतिगत व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**बुलिङटार गाउँपालिकासँग** असोज १३ गते नै आयोजित कार्यक्रममा बुलिङटार गाउँपालिकाका अध्यक्ष इ. दिपेन्द्र सुनारीले आगामी आर्थिक वर्षदेखि कार्यविधि बनाएर विपन्न परिवारहरूको बीमा गरिदिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**कावासोती नगरपालिकासँग** असोज १५ गते भएको कार्यक्रममा प्रमुख अतिथि कावासोती नगरपालिकाका प्रमुख विष्णु प्रसाद भुषालले नेपाल बीमा प्राधिकरणको सहयोगमा बीमा कार्यविधि बनाएर लागू गर्ने जानकारी दिनुभयो ।

ती कार्यक्रममा बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था, कृषि तथा पशुपन्छी बीमा, कृषि बीमाबाट बीमा क्षेत्रमा पुगेको योगदान र बीमाको विकास एवम् विस्तारमा स्थानीय सरकारको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले कृषि बीमा गर्न बीमा कम्पनीहरू अग्रसर नभएको, बीमा दावी प्राप्त गर्ने क्रममा कतिपय अवस्थामा दाबी रकमभन्दा बढी खर्च हुने गरेको, निकट स्थानमा बीमा कम्पनीका कार्यालय नहुँदा चाहेर पनि बीमा गर्न नपाएको, बीमा अभिकर्ताले प्रलोभन देखाएर बीमा गराउने गरेको, बीमा दाबी भुक्तानी झन्झटिलो रहेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

साथै, उहाँहरूले कृषि तथा पशु प्राविधिकका लागि तालिमको व्यवस्था हुनुपर्ने, बीमा दाबी भुक्तानीलाई सहज एवम् सरल बनाउन प्राधिकरणले पहल गर्नुपर्ने र कृषि बीमाका लागि स्थानीय तहहरूसँग सहकार्य गर्न बीमा कम्पनीहरु अग्रसर हुनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालको अध्यक्षतामा भएका ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, अगुवा कृषक, बीमा कम्पनीका शाखा कार्यालयका कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

## शिक्षक तथा विद्यार्थीहरुसँग

# बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोजमा गण्डकी प्रदेशको नवलपुरस्थित रत्नराज्य लक्ष्मी माध्यमिक विद्यालय र मध्यविन्दु बहुमुखी क्याम्पस तथा तनहुँस्थित गाउँ फर्कोदय माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी छुट्टाछुट्टै अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

विद्यार्थीहरूलाई बीमाको महत्वका बारेमा जानकारी गराउने, विद्यार्थीमा बीमा सम्बन्धी सचेतना अभिवृद्धि गर्ने र बीमा क्षेत्रमा रोजगारीका अवसरबारे जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

ती कार्यक्रमहरूमा बीमाको महत्व, बीमा बजारको अवस्था, बीमाको विकास एवम् विस्तारमा शिक्षक तथा विद्यार्थीहरूको भूमिका, बीमाको पहुँच विस्तारमा विद्यार्थीहरूको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा अभिकर्ताका लागि आवश्यक योग्यता, परीक्षा विधि, बीमा कम्पनीको काम, दाबी भुक्तानी प्रक्रिया, बीमा र बैङ्कबीचको भिन्नता, आर्थिक जोखिम व्यवस्थापनमा बीमाको भूमिका, पुनर्बीमा कम्पनीको काम, बीमा क्म्पनीले पुनर्बीमा कम्पनीमा जोखिम हस्तान्तरण गर्ने प्रक्रिया, बीमा क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रणका लागि भएका प्रयास लगायतका विषयहरूमा जिज्ञासा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालको सभापत्विमा भएका ती कार्यक्रममा सम्बन्धित विद्यालय तथा क्याम्पसका प्रमुख, शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# लुम्बिनी प्रदेश
कार्यालय

## प्रहरी तथा यातायात व्यवसायीसँग बीमा सम्बन्धी अन्तर्क्रिया
# बीमा सम्बन्धी प्रहरी प्रतिवेदनको ढाँचा उपलब्ध गराउन आग्रह

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल कात्तिक १० गते कपिलवस्तु जिल्लास्थित प्रदेशस्थित नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा यातायात व्यवसायीहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा सम्बन्धी कानूनी व्यवस्था, यातायात व्यवस्था ऐनमा भएका व्यवस्था र मोटर बीमा निर्देशिकामा भएका प्रावधान तथा प्रहरी र यातायात व्यवसायीहरूसँग प्राधिकरणको अपेक्षा लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालयका प्रमुख निरञ्जन दत्त भट्टले नागरिकलाई छिटो छरितो रूपमा सेवा दिन प्रहरी प्रतिवद्ध रहेको र बीमा सम्बन्धी प्रहरी प्रतिवेदनको ढाँचा उपलब्ध गराएमा सेवा प्रवाह गर्न अझ सहज हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमितलाई सहजरूपमा बीमा सम्बन्धी सेवा प्रवाह गर्नका लागि प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवस्था कार्यालय, यातायात व्यवसायी र बीमा कम्पनीले आ–आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने आवश्कयता औंल्याउनुभयो ।

कार्यक्रममा सहभागीहरूले सवार ीसाधन दुर्घटना भएपछि मात्र बीमालेख नवीकरण गर्ने र सोही बमोजिम प्रहरी प्रतिवेदन लिन आउने चलन रहेको, सवारीधनी एकजना र चालक अर्को हुँदा दाबी भुक्तानी कसले पाउने भन्ने अन्यौल रहेको, दुर्घटना वापतको औषधोउपचार खर्च रु तीन लाख न्यून भएको, सवारीसाधन दुर्घटना हुँदा सम्बन्धित व्यक्तिले समयमैं प्रहरी कार्यालयमा जानकारी नगराउने लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रममा कपिलवस्तु जिल्लास्थित नेपाल प्रहरी तथा ट्राफिक प्रहरी, यातायात व्यवस्था कार्यालयका, प्रमुख, यातायात व्यवसायी र बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## उद्योग वाणिज्य सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया
# बीमालेखहरू उद्योगी व्यवसायीले बुझ्नेखालको हुनुपर्ने धारणा

नेपाल बीमा प्राधिकण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही कात्तिक ७ गते कपिलवस्तु जिल्लास्थित तौलिहवा उद्योग वाणिज्य सङ्घसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उद्योगी व्यवसायीहरूको बीमा सम्बन्धी गुनासा, सल्लाह र सुझावहरु सङ्कलन गर्ने तथा समाधानका उपायहरु पहिल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमख अतिथि तौलिहवा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गयादीन कुर्मीले बीमालेखहरु उद्योगी व्यवसायीले बुझ्नेखालको हुनुपर्ने, बीमादर समयसापेक्ष न्यून हुनुपर्ने र बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् सहज हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले उद्योगी व्यवसायीहरूको हितलाई ध्यानमा राखी पहुँचयोग्य बीमालेख जारी गर्न पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले बीमा कम्पनीहरूले मोटर बीमामा परेको दाबी रकमभन्दा न्यून रकम भुक्तानी गर्ने गरेको, सवार ीसाधनको बीमा दाबी रकममा ह्रास कट्टी गर्ने गरिएको, आगलागीका कारण व्यवसायमा क्षति पुग्दा दाबी रकम पाउन समय लाग्ने गरेको, मोटर बीमामा स्वास्थ्य उपचार खर्च कम भएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रममा तौलिहवा उद्योग वाणिज्य सङ्घका पदाधिकारी, उद्योगी व्यवसायी र बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# बीमा सर्भेयरसँग अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही कात्तिक १२ गते बुटवलमा बीमा सर्भेयरसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा सर्भेयरलाई बीमा सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाका बारेमा जानकारी दिने, दक्षता अभिवृद्धि गर्ने, कार्य प्रक्रियामा सुधार ल्याउने र गुनासा तथा जिज्ञासाहलाई सम्बोधन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा सहभागी बीमा सर्भेयरहरूले बीमा कम्पनीले नयाँ इजाजतपत्र लिएका सर्भेयरहरूलाई सूचिकृत नगरेको र काम पनि नदिएको तथा संस्थागत सर्भेयरहरूले इजाजतपत्र नलिएका व्यक्ति मार्फत सर्भे सम्बन्धी कार्य गराउने गरेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

साथै, उहाँहरूले बीमा सर्भेयरले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेपछि कति दिनभित्र दाबी भुक्तानी दिने हो सो स्पष्ट हुनुपर्ने, सर्भेयरको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गर्नुपर्ने र कामका आधारमा बीमा अभिकर्ताको बर्गीकरण गर्नुपर्ने लगायत सुझावहरु दिनुभएको थियो ।

# कर्णाली प्रदेश
## कार्यालय

## स्थानीय तहसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोजमा कर्णाली प्रदेशको सल्यान जिल्लाका कालिमाटी गाउँपालिका, त्रिवेणी गाउँपालिका र छत्रेश्वरी गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**त्रिवेणी गाउँपालिका**सँग असोज १४ गते भएको कार्यक्रममा प्रमुख अतिथि त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिम बहादुर रावतले पालिकाले उपलब्ध गराउने राहत तथा अनुदानलाई बीमासँग आवद्ध गर्न पहल गर्ने जानकारी दिनुभयो ।

**कालिमाटी गाउँपालिका**सँग असोज १५ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कालिमाटी गाउँपालिकाका अध्यक्ष दान बहादुर खत्री के.सी. ले बीमा कम्पनीहरूले बीमा गराउने समयमा बीमालेखका प्रावधानका बारेमा राम्रोसँग जानकारी नदिने र दाबी भुक्तानीका समयमा विभिन्न कुरा देखाएर अनावश्यक दुःख दिने गरेको गुनासाहरु आएको बताउनुभयो । साथै, उहाँले बीमाको पहुँच विस्तारका लागि कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**छत्रेश्वरी गाउँपालिका**सँग असोज १६ गते भएको कार्यक्रममा प्रमुख अतिथि छत्रेश्वरी गाउँपालिकाका उपाध्यक्ष बुद्ध कुमारी खत्रीले बीमा सचेतना कार्यक्रमको आयोजनाबाट बीमा सम्बन्धी समग्र विषयमा जानकारी प्राप्त भएको बताउनुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले विभिन्न किसिमका जोखिम हस्तारण गरी आर्थिक सुरक्षण गर्नका लागि उत्तम विकल्प बीमा भएकाले समयमै सबैले बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, शिक्षक र बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

# सुदूरपश्चिम प्रदेश
## कार्यालय

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल
## 'सबै नागरिकलाई बीमाको दायरामा ल्याउन पहल गर्ने प्रतिवद्धता'

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल असोजमा सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाका घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका र कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

**घोडाघोडी नगरपालिका**मा असोज २ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि घोडाघोडी नगरपालिकाका प्रमुख खडक बहादुर रावतले हरेक वर्ष विपद्का कारण हुने क्षति वापत नागरिकलाई उपलब्ध गराउनुपर्ने राहत तथा क्षतिपूर्ति रकम बढ्दै गएको परिप्रेक्ष्यमा नगरपालिकाले राहत तथा क्षतिपूर्तिलाई बीमामा जोड्नका लागि प्राथमिकताका साथ कार्य अगाडि बढाउने जानकारी दिनुभयो ।

**जानकी गाउँपालिका**सँग असोज १३ गते भएको कार्यक्रममा प्रमुख अतिथि जानकारी गाउँपालिकाका अध्यक्ष गणेश चौधरीले बीमा सम्बन्धी नीति तर्जुमा गर्न र सबै नागरिकलाई बीमाको दायरामा ल्याउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**भिमदत्त नगरपालिका**सँग असोज ८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि भिमदत्त नगरपालिकाका प्रमुख पदम बोगटीले भारतमा मजदूरी गर्न जानेको दुर्घटना बीमा र नगरवासीको घरबीमा गराउन कार्यपालिका बैठकमा प्रस्ताव गर्ने जानकारी दिनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले जीवन बीमा अभिकर्ताले आफ्नो लक्ष्य पूरा गर्नका लागि प्रलोभन देखाउने र झुठ्ठा कुरा गर्ने गरेको, बीमालेखका शर्तहरूका बारेमा नबुझाई बीमा गराउने गरेको, दाबी भुक्तानी दिन बीमा कम्पनीले आलटाल गर्ने गरेको, कोरोना बीमाको दावी भुक्तानी नपाएको, दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको, जीवन बीमा गर्न बीमा अभिकर्ता घरघरमा आउने तर कृषि बीमा गर्न कोही पनि नआउने लगायतका गुनासाहरु गर्नुभएको थियो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयश्वर पण्डितले बीमाको आवश्यकता, बीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था र स्थानीय तहको सेवा प्रवाहमा बीमाको आवद्धताको आवश्यकता लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कृषि तथा पशु शाखाका प्रमुख लगायत कर्मचारीहरु, बीमा कम्पनीका प्रतिनिधिहरु, बीमा अभिकर्ता र अगुवा कृषकहरु लगायतको सहभागिता रहेको थियो ।